कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
**जोशी हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि.**
का.म.न.पा , वडा न ३४ बानेश्वर, काठमाण्डौ
फोन न. ०१–४४७३७९२, फ्याक्स नं. ०१–४४७३७९२
इमेल :info@joshihydropower.com वेभसाइटः www.joshihydropower.com
को

# विवरणपत्र

(धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७२।०७३ | २०७३।०७४ | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ |
| प्रति शेयर आम्दानी (रु.) | ०.२२ | १.८२ | २.६४ | ३.०३ | ५.१२ | ६.०४ |
| प्रति शेयर नेटवर्थ | ८५.३९ | ८७.२१ | ९३.६७ | ९९.८० | १०४.९१ | ११०.९५ |
| संचित नाफा/नोक्सान | (१९,४११) | (१६,९९५) | (११,९८८) | (७५२) | १८,२४६ | ४०,६८३ |

कम्पनीले आफ्नो जारी पुँजी रु. ३७,१४,००,०००/–(अक्षरुपी सैतिस करोड चौध लाख मात्र) मध्ये ३९% अर्थात रु. १४,४८,४६,०००/- (अक्षरुपी चौध करोड अठ्चालिस लाख छयालिस हजार मात्र) र आयोजना प्रभावित क्षेत्रका लागि निष्काशन गरिएको रु.३,७१,४०,००० बराबरको प्रति शेयर रु.१००।- अंकित दरको ३,७१,४०० कित्ता मध्ये १,२९,३९० मात्र आवेदन परेकोले बाँकी/ बिक्री नभएको रु.२,४२,०१,०००/-बराबरको प्रति शेयर रु.१००।- अंकित दरको २,४२,०१० गरी जम्मा रकम रु. १६,९०,४७,००० /- बराबरको प्रति शेयर रु.१००।– अङ्कित दरका १६,९०,४७० कित्ता मध्ये ५०,७१४ कित्ता (३ प्रतिशत) शेयर कर्मचारीहरुलाई र ८४,५२३ कित्ता (५ प्रतिशत) शेयर धितोपत्र सामूहिक लगानी कोषकोलागि सुरक्षित गरिएको र बाँकी १५,५५,२३३ कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सर्वसाधारणमा निष्काशन

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**प्रति मेगावाट लागत सम्वन्धि विवरण**

आयोजनाको कुल लागत रु. ५५,३५,००,०००/- छ भने प्रति मेगावाट लागत रु १८,४५,००,०००/-(अक्षेरेपी रु अठार करोड पैतालिस लाख रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण**

विद्युत विकास विभागबाट मिति २०७०।०२।१२ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त भएको छ। उक्त विद्युत उत्पादन अनुमति २१०५/०२/०५ मिति सम्म वहाल रहेकोले ३१ वर्ष बाँकी रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण**

साधारणमा लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ११ वर्ष रहेको छ र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (discounted Pay Back Period) ३० वर्ष रहेको छ

**लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्रसम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेकोछ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट सन् २०१८।०२।२५ मा "ईक्रा एनपि आईपिओ ग्रेड ५" प्रमाणपत्र प्राप्त गरेको छ । आईपिओ ग्रेड ५" ले कमजोर आधारहरु जनाउँदछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (प) मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७५/०७/१८
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७५/०७/२९
धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७५/०८/१६ धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) :२०७५/०८/१९
धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम) : २०७५/०९/१६

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं.२१२००, नारायणचौर, नक्साल, काठमाण्डौ, फोन नं. ४४२०९२४/४४२०९२५ फ्याक्स नं. ४४२०९२९, इमेलः scl@siddharthacapital.com
वेव साइटः www.siddharthacapital.com

## ख १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं सम्झनु पर्दछ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई सम्झनुपर्दछ।

घ) "संगठित संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी जोशी हाइड्रोपावार डेभेलपमेण्ट कम्पनी लिमिटेड, वडा ३४, काठमाण्डौ सम्झनु पर्दछ।

ङ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण सम्झनु पर्दछ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ।

ञ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात,आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनुपर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणहरु समेतलाई जनाउंदछ।

## २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

**विवरणपत्र पाइने स्थानहरुः**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।

२. जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको रजिस्टर्ड कार्यालय नयाँबानेश्वर, काठमाडौं ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.puwakhola.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ।

**दरखास्त फाराम तथा विवरणपत्र प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

## १) धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण:

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

## २) संगठित संस्थाको उद्घोषण :

### क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिकरूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानीसम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

### ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस जोशी हाइड्रोपावार डेभेलपमेण्ट कम्पनी प्रा.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

### ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो व्यवसायसँग सम्बन्धीत नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरु पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्टर्डको कार्यालयमा पेश गरेका छौ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त २०७४।०६।३० को पत्रानुसार मा आ.व. २०७३।०७४ सम्म कम्पनी अद्यावधिक रहेको छ।

### घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्रसम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

(६) कम्पनी ऐन, २०६३ को दफा ८१ वमोजिम कम्पनीका संचालकहरु संचालक पदमा वहाल रहन वा नियुक्त हुन अयोग्य रहेका छैनन् ।

## ३)	संगठित संस्था सम्बन्धी जानकारी :

## क)	संगठित संस्थाको पृष्ठभूमि

(क) **संगठित संस्थाको नामः** जोशी हाइड्रोपावर डेभेलपमेन्ट कंम्पनी लि. (Joshi HydroPower Development Compnay Ltd)

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२ साल बैशाख ६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१ साल फाल्गुन १४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको  कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. ३४, बानेश्वर, काठमाडौंमा रहेकोछ। आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

(घ) **कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का. म. न. पा., वडा नं. ३४, बानेश्वर, काठमाडौं र आयोजना स्थल इलाम जिल्ला इलाम नगर पालिका वडा नं. ४ माइपोखरी (साविक माइपोखरी गा.वि.स) मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

(ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**
कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेकोछ।

(अ) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरु मिलेर जोशी हाइड्रोपावर डेभेलपमेन्ट कंम्पनी लि कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२ साल बैशाख ६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१ साल फाल्गुन १४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीकोरुपमा दर्ता (दर्ता नं. १३३११४/०७१/०७२) भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(इ) यस कम्पनीले २०६६ बैशाख २३ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता गरेको छ। ठुलो पुवा खोला बाट १.३५५ घनमीटर प्रति सेकेण्ड गरि जम्मा डिजाइन डिस्चार्ज २.३६५ घनमीटर प्रति सेकेण्ड र गेस हेड १५९ मी जलस्रोत को गरिने व्यबस्था गरिएको छ।

(ई) कम्पनीले मेची अञ्चलको इलाम जिल्लाको सीमाना भएर वहने पुवा खोला नदीको पानी उपयोग गरी ३ मेघावाट क्षमताको श्री जोशी हाइड्रोपावर डेभेलपमेन्ट जलविद्युत परियोजनाको सम्भाव्यता अध्ययन पुरा गरी मिति २०६६ बैशाख २३ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता सम्पन्न गरेको छ। परियोजना निर्माणका लागि चाहिने सवै प्रकारका स्वीकृति तथा अनुमतिहरु प्राप्त गरी विद्युत उत्पादन समेत शुरु गरिएको छ। व्यापारिक उत्पादन शुरु भएको मिति २०७१ साल माघ १ गते रहेको छ।

उ) नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७०।०२।१२ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त भएको छ। उक्त विद्युत उत्पादन अनुमति २१०५/०२/०५ मिति सम्म वहाल रहनेछ।

ऊ) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम जारी पूंजि मध्येको १० प्रतिशत अर्थात ३,७१,४०० कित्ता मध्ये स्थानीय वासिन्दाहरुबाट १,२९,३९० कित्ता शेयर मात्र आवेदन परेको हुनाले सो शेयर कित्ता आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई बांडफांड भईसकेको ।

(ए) कम्पनीमा हाल १२ जना शेयरधनी रहनु भएको छ । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले र ३९ प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बांडफांड गर्ने व्यवस्था रहेको छ।

(ऐ) यस आयोजनाको कुल लागत रकम रु ५५ करोड ३५ लाख तथा प्रति मेगावाट लागत रकम रु १८ करोड ४५ लाख रहेको छ। साधारणमा लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ११ वर्ष रहेको छ र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ३० वर्ष रहेको छ।

(ओ) कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच मिति २०६६ वैशाख २३ गते विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।

(१) माथिलो पुवाखोला आयोजनाबाट वार्षिक ९८५ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ ।

(२) विद्युतको खरीद मूल्य वर्षातका महिनाहरूका लागि प्रति किलोवाट घण्टा रु. ४.८० र सुखायामका महिनाहरुका लागि प्रति किलोवाट घण्टा रु.८।४० मा ५ वर्ष सम्मको लागि वार्षिक ३ प्रतिशतका दरले साधारण मूल्य वृद्धि सहित गणना गरि विद्युत खरिद दर "सूचित दर" सम्वन्धि मूल्य वृद्धि निम्न तालिकामा व्यवस्था भएअनुसार हुनेछ ।

| प्रस्तावित व्यापारिक उत्पादन शुरु हुने मिति (PCOD) बाट सात वर्ष सम्म PCOD लाई आधारम मानी अवधी गणना हुनेगरी | खुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रती युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म रु. प्रती युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १२ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सुविधा सम्वन्धि सम्झौताको अधिनमा रही विल भुक्तानी गर्ने महिनासम्म | ९।६६ | ५।५२ |

(३) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.२अनुसारको खरिद दरको ५० प्रतिशत दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(४) कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारतथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ ।

(६) माथिल्लो पुवाखोला १ जलविद्युत आयोजनामा चिनमा अवस्थित Hunan Allonward Hydro-Generating Equipment Co. Ltd ले निमार्ण गरी एक्काइसौं शताब्दीको अत्याधुनिक प्रविधिबाट संचालन हुने मेशिनहरू जडान भई संचालनमा रहेकोछ । मेसिनहरूको नियमितरुपमा मर्मत तथा संभार गरी चालू अवस्थामा राखिने छ । कम्पनीले प्रत्येक वर्ष सम्झौतामा उल्लेख भएअनुसार विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय ग्रीडप्रणालीमा आपूर्ति गर्दछ ।

(७) कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच मिति २०६६ वैशाख २३ गते विद्युत खरिद-बिक्री सम्झौता भएको र व्यापारिक उत्पादन शुरु भएको मितिबाट ३० वर्ष वा Generation License को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ५ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।**

१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाल भित्र रहने खोलानालाबाट जलविद्युत उत्पादन गर्नका लागि गर्नुपर्ने निर्माण विकासका कार्यहरु गरि जलविद्युत उत्पादन गर्ने ।

(ख) उत्पादन गरिएको जलविद्युत विक्री वितरण तथा प्रसारण गर्ने ।

(ग) उत्पादन गरिएको जलविद्युतको प्रसारणका लागि गर्नुपर्ने सव स्टेशनमा पावर जोड्ने, पोल गाड्ने, तार तान्ने लगायतका कार्यहरु गर्ने ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

(छ) **अन्य विवरणहरु**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** पुवा खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्ने ।

(३) **कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र:**

कम्पनीले नेपालको मेची अञ्चलको इलाम जिल्लाको सीमाना भएर बहने पुवा खोला नदीको पानी उपयोग गरी ३ मेघावाट विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्नेछ। यस कम्पनी र प्राधिकरण विच २०६५।१२।२६ गते कनेक्सन एग्रीमेन्ट सम्पन्न भएको छ। आयोजना सम्पन्न भई विद्युत उत्पादन सुरु भएको छ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने ।
कम्पनीले पुवाखोला जलविद्युत आयोजनाको निर्माण पश्चात थप आयोजनाहरुको पहिचान तथा निर्माणका लागि अध्ययन गर्नेछ। कम्पनीले विद्युत व्यापारका निमित्त आवश्यक निती तर्जुमागर्न सरकार समक्ष निवेदन गर्ने नयाँ कम्पनी स्थापना गरि विद्युत व्यापारमा जोड दिने लक्ष्य राखेको छ। नेपाल सरकारले निर्माण गरेका सिंचाई नहरहरुमा जलविद्युत आयोजना निर्माण गर्न सकिने हुँदा सो क्षेत्रमा अध्ययन गरी विद्युत उत्पादनका लागि आवश्यक कार्यहरु गर्नेछ।

कम्पनीले जलविद्युत उर्जा बाहेक सौर्य उर्जा तथा वायु उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरि विद्युत उपादन गर्ने लक्ष्य राखेको छ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका:**कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहेको छ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**माथिलो पुवाखोला आयोजनाको उत्पादन क्षमता ३ मेघावाट रहेको र सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत आपुर्ति गर्दछ। उत्पादीत विद्युतलाई १ कि.मि. लामो ३३ के.भि Single Circuit प्रशारण लाइन मार्फत आपुर्ती गर्दछ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलव्धता :** मेची अञ्चलको इलाम जिल्लाको पुवा मजुवा गा.वि.स सिमाना भएर बहने पुवा खोला नदीको पानी।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) **अनुसन्धान तथा विकास :** पुवा खोला आयोजनाको संरचनाहरु निर्माण कार्य सम्पन्न भैसकेकोछ। यसका साथै पावरहाउस तथा डिसेण्डरको एक्साभेसन गरी निर्माण सम्पन्न भैसकेको छ। पावर हाउस देखि नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको ३३ के.भी. ट्रान्समिसन लाइन जडानका निमित्त ट्रान्समिसन लाइन (करिव १ किमि) निर्माण भैसकेको छ। यस आयोजनाले ठूलो पुवा खोला र सानो पुवा खोलाको पानी उपयोग गर्नेछ। आयोजनाको लागि पानी फर्काउन ठुलो पुवा खोलामा Tyrolean Type को Weir र Overflow Type को Spillway निर्माण गरिनेछ। खुला नहर मार्फत Desanding Basin र Power canal मार्फत common forbay मा पानि पुऱ्याइनेछ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्द्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीको कुल विद्युत उत्पादन क्षमता ३,००० किलोवाट मात्र रहेकोहुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र विद्युतको हाहाकार भएको बर्तमान अवस्थामा उत्पादन गर्न सकेमा ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा वजारको समस्या रहेको छैन । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति संम्झौतागरी अग्रीम बिक्री हुनेहुँदा नेपाली लगानीकर्ताको लागी योलाभदायक र उपयुक्त क्षेत्र हो ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोहुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेकोछ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायकोलागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण):**
कम्पनी परियोजनाको लागि आवश्यक पर्ने Electromechanical उपकरणहरु आयात गर्नका निमित्त चिनमा स्थापना भएको कम्पनी Hunan Allwonward Hydro-Generating Equipment Co.Ltd संग सम्झौता गरिएको छ ।

**ख) सम्पत्तिको विवरण**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**
पुवाखोला १ जलविद्युत आयोजनाको जलविद्युत केन्द्रको सिभिल संरचनाहरुको निर्माण कार्य सम्पन्न भैसकेकोछ । उक्त सिभिल संरचनाहरु मेची अञ्चलमा रहेका छन् । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पत्ति को विवरण तल उल्लेख गरिएको छ।

| क्र.सं. | सम्पत्तिको नाम | रकम रु |
|---|---|---|
| १) | ह्रास कट्टि नहुने सम्पत्ति (जग्गा) | १,९९,१३,३७१.०० |
| २) | फर्निचर | १७,६९०.२२ |
| ३) | कम्प्युटर | १,०५,८६५.२५ |
| ४) | अन्य अफिस उपकरण | १४,५९७.९२ |
| ५) | सिभिल कन्स्ट्रक्सन | ३२,३१,१६,८०९.५४ |
| ६) | इलेक्ट्रोमेकानिकल | १७,२०,३४,४१९.७४ |
| ७) | हाइड्रोमेकानिकल | २,९१,९३,७१६.२० |
| ८) | ट्रान्समिसन | ९१,९२,९९३.९९ |
| | **जम्मा** | **५५,३५,८९,४६३.८५** |

उक्त सम्पत्तिहरु आयोजना रहेको स्थल इलाम जिल्ला वडा नं. ४ माइपोखरीमा रहेको छ । साथै केही फर्निचर, कम्प्युटर तथा अफिस उपकरण संगठित संस्थाको रजिष्टर्ड कार्यालयमा समेत रहेको छ। र हालको समयमा उक्त सम्पूर्ण सम्पत्तिहरु चालु अवस्थामा रहेका छन् ।

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने:**आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागी कम्पनीले तपसिल बमोजिम जग्गा खरिद गरि, भोगाधिकार प्राप्त गरि लिएको छ :

तपसिल

(विभिन्न व्यक्तिहरुका नाममा दर्ता कायम रहेको जम्मा क्षेत्रफल ३६–११–४–३ (पौतिस रोपनी एघार आना चार पैसा र तिन दाम) जग्गा आफ्नो नाममा दा.खा.नामसारी गरि खरिद लिएको छ ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : यो परियोजना निर्माण तथा संचालनका लागी आवश्यक ऋण पुंजि जुटाउन परियोजनाका भौतिक संरचनाहरु जनता बैंक लिमिटेडको अगुवाईमा सहवित्तियकरण कर्जा अन्तर्गत सिद्धार्थ बैंक लिमिटेड र कुमारी बैंक लिमिटेडको नाममा धितो रहेको छ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पतीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : कम्पनीको सम्पुर्ण सम्पत्तिहरु ऐतीहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ।

**ग) भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) यस कम्पनीको प्रमुख उद्देश्यहरुमा नेपालमा भएका प्राकृतिक सम्पदाहरुको उपयोग गरि विद्युत उत्पादन गर्ने रहेकोले सोही बमोजिम कार्यहरु तदारुकताका साथ अगाडी वढाइनेछ।

२) कम्पनीको आयमा हुने प्रवाहको आधारमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गर्ने कम्पनीको लक्ष्य रहेको छ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**
देशमा विद्युत आपूर्तिको कमि रहेको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन पूर्व नै विद्युत खरीद विक्री सम्फौता सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुनाले कम्पनीले छोटो समायावधीमा आफ्नो अलग पहिचान समेत स्थापित गर्न सफल हुनेछ। नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ। जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ। यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताको लागी अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन।

**घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| समूह "क" शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ३ जना |
| समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| समूह "ख" स्वतन्त्र व्यावसायिक विषेशज्ञ सञ्चालकहरू | १ जना |
| **जम्मा** | **६ जना** |

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ।
नोट: कम्पनी ऐन, २०६३ को दफा ८६(३) अनुसार स्वतन्त्र संचालक सम्बन्धमा आगामी साधारण सभाबाट नियमावलीको नियम २७ संशोधन गरि स्वतन्त्र संचालकको व्यवस्था गरिनेछ।

**४) पुँजी संरचना सम्बन्धी जानकारी**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्न्धी विवरण अधिकृत, जारी तथा चुक्ता पुँजी**

<u>**अधिकृत पुँजी:**</u> कम्पनीको अधिकृत पूँजी रु.४५,००,००,०००/– (अक्षरेपी रु. पैतालिस करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/– का दरले ४५,००,००० (पैतालिस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ।

**जारी पुँजी:** कम्पनीको जारी पूँजी रु.३७,१४,००,०००/– (अक्षरेपी रु. सैतिस करोड चौध लाख) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले रु. ३७,१४,००० (सैतिस लाख चौध हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी**: कम्पनीको चुक्ता पूँजी रु. २०,२३,५३,०००/–(बिस करोड तेइस लाख त्रिपन्न हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु १००/- का दरले २०,२३,५३० (बिस लाख तेइस हजार पाच सय तिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । सर्वसाधारणका लागि छुट्टयाईको रु.१४,४८,४६,०००/- (चौध करोड अड्चालीस लाख छयालिस हजार मात्र) र उद्योग प्रभावित क्षेत्रबाट बिक्री नभएको रु. २,४२,०१,०००/–(दुई करोड बयालिस लाख एक हजार मात्र) गरी जम्मा रु.१६९,०४७,००० /-(सोह्र करोड नब्बे लाख सड्चालिस हजार मात्र) बांडफांड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ३७,१४,००,०००/–( सैत्तिस करोड चौध लाख मात्र ) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| क्र.सं | विवरण | आ.व २०७०/२०७१ | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२०७४ | आ.व. २०७४/२०७५ |
|---|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | १३,२९,००,००० | १५,००,००,०००/- | ४५,००,००,०००/- | ४५,००,००,०००/- |
| २. | जारी पूँजी | ८२,८७,५०० | १५,००,००,०००/- | ३७,१४,००,०००/- | ३७,१४,००,०००/- |
| ३. | चुक्ता पूँजी | | १३,२९,००,०००/- | १८,९४,१४,०००/- | २०,२३,५३,०००/- |

**(ख) निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्ध-पत्रको दफा ५(ङ) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूजीको संरचना :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयरसंख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना (%) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरवालाहरू | क | १८,९४,१४० | १८,९४,१४,०००/- | ५१ | शत प्रतिशत |
| २ | उद्योग प्रभावित क्षेत्र (इलाम जिल्ला) का शेयरवालाहरु | ख | १,२९,३९० | १,२९,३९,००० /– | ३ | शत प्रतिशत |
| ३ | सर्वसाधारण शेयरवालाहरू | ख | १६९०४७० | १६,९०,४७,०००/- | ४६ | शत प्रतिशत |
| | **जम्मा** | | **३७,१४,०००** | **३७,१४,००,०००/–** | **१००** | |

**नोटः** स्थानीय वासीलाई जारी गरिएको शेयर पूर्ण विक्री नभएकोले उद्योग प्रभावित क्षेत्र (इलाम जिल्ला) का शेयरवालाहरुको शेयर स्वामित्मव प्रतिशत ३ रहेको ।

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)।**

कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरमा प्रिमियमको व्यवस्था नरहेको ।

**५) संस्थापक/सञ्चालकसम्बन्धी जानकारी;**

**क) संस्थापक/संचालकको पृष्ठभूमि;**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार र व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण**

| क्र.सं | नम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पुर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री गंगा प्रसाद जोशी | संस्थापक शेयरधनी | ७१ वर्ष | नेपाली | का.म.न.पा बडा नं. ३४ | १,०९,२७३ | अर्थशास्त्रमा स्नातकोत्तर | -नेपाल सरकारको कृषि विभाग कार्यालयमा विभिन्न तहमा रही ३० वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कार्य अनुभव<br>-विश्व बैंक अन्तर्गतको रुरल वाटर सप्लाई एण्ड सेनिटेशनमा Cordinaor को रुपमा नुवाकोट जिल्लाको विभिन्न गा.वि.सहरुमा कार्य अनुभव ।<br>-खोराङ्ग हाइड्रोपावर कम्पनी प्रा.लि.मा प्रवन्ध संचालकको रुपमा ६ वर्ष कार्यअनुभव ।<br>-खोराङ्ग हाइड्रोपावर कम्पनी प्रा.लि.मा परियोजना निर्देशकको रुपमा १ वर्ष कार्यअनुभव ।<br>-सन् २००६ देखि क्यालिफोर्निया एकाउण्टीङ सर्भिस अफिस एसिस्टेण्ट मा एकाण्ट विभागमा कार्यरत |
| २ | श्री विरेन्द्र बहादुर न्यौपाने | संस्थापक शेयरधनी | ५८ | नेपाली | विराटनगर उप.म.न.पा वडा नं. १६ | ३,७८,०२६ | विएससी | -सिभिल कन्स्ट्रक्सनमा ३५ वर्ष कन्ट्रयाक्टर, प्रोजेक्ट म्यानेजर, प्रोजेक्ट डिरेक्टर र अध्यक्ष भई कार्य अनुभव ।<br>-दोलखा निर्माण कम्पनी, हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा.लि., जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड, मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड, हुवानिङ डेभलमेण्ट कम्पनी प्रा.लि., फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि. , विग होटल प्रा.लि. मा अध्यक्षको पदमा रही कार्य अनुभव। |
| ३ | श्री माधव कार्की | संस्थापक शेयरधनी | ५८ | नेपाली | मैतिदेवी, काठमाण्डौ | २,०६,७३३ | विकम | सिभिल कन्स्ट्रक्सनमा १२ वर्ष देखि कन्ट्रयाक्टर र सप्लायरको रुपमा को कार्यरत |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | श्री रुपमणी राजभण्डारी | संस्थापक शेयरधनी | ५६ | नेपाली | विराटनगर उप.म.न.पा वडा नं. १३ | ७६,७८६ | विएससी | सिभिल कन्सट्रक्सन सम्वन्धि कार्यमा कन्ट्रयाक्टर, प्रोजेक्ट म्यानेजर र प्रोजेक्ट डिरेक्टरको कार्य अनुभव । |
| ५. | श्रीमती शशी कार्की | संस्थापक शेयरधनी | ४५ | नेपाली | का.म.न.पा. वडा नं. १० | ६९,४०३ | विए | गृहणि |
| ६ | श्री शिवरतन शारदा | संस्थापक शेयरधनी | ७० | नेपाली | ४३४५ सिराह | ६६,४५० | विए | ४० वर्ष देखि व्यापारिक क्षेत्रमा अनुभव |
| ७. | सुश्री रन्जना दहाल | संस्थापक शेयरधनी | ३९ | नेपाली | ८६१ ईलाम | ६४,९७६ | विए | हाइड्रोपावर सम्बन्धि कार्यमा १५ वर्षको अनुभव |

**अन्य संस्थापकहरुको विवरण**

| क्र.सं. | शेयरधनीको नाम र ठेगाना | शेयर स्वामित्व |
|---|---|---|
| १. | श्रीमति मन्नु श्रेष्ठ<br>हाल का.जि.का.म.न.पा.वडा नं.१० | २५,१०३ |
| २. | श्रीनिवास शारदा<br>सिराहा जिल्ला लहान न.पा.वडा नं.६ | ९४,७०० |
| ३ | राधेश्याम शारदा<br>सिराहा जिल्ला लहान न.पा.वडा नं.६ | ९४,७०० |
| ४ | पवन कुमार शारदा<br>सिराहा जिल्ला लहान न.पा.वडा नं.६ | ९४,७०० |
| ५. | विनित कुमार शारदा<br>सिराहा जिल्ला लहान न.पा.वडा नं.७ | १,८९,४०० |

**संचालकहरुको विवरण**

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (सम्वन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री विरेन्द्र बहादुर न्यौपाने (संस्थापक समूह) | सञ्चालक | ५८ | नेपाली | विराटनगर उप.म.न.पा वडा नं. १६ | ३,७८,०२६ | विएससी | -सिभिल कन्स्ट्रक्सनमा मिति २०३९ जेष्ठ महिना देखि हालसम्म कन्ट्रयाक्टर, प्रोजेक्ट म्यानेजर भई कार्य अनुभव ।<br>-मिति २०६२ फागुन देखि २०६७ असार सम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा. लिमिटेड, मुन लाइट हाइड्रोपावर कम्पनी प्रा.लि. मा डेभलपर संचालकको रुपमा कार्यानुभव ।<br>-२०६७ साल देखि २०७१ साल सम्म दोलखा निर्माण कम्पनी, हुवानिङ डेभलमेण्ट कम्पनी प्रा.लि., फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि. मा संचालकको रुपमा कार्यानुभव । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | -२०७० साल देखि हाल सम्म विग होटल प्रा.लि., फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि. इलाममा संचालकको पदमा रही कार्य अनुभव । - वि.सं. २०३९ साल देखि कन्ट्रयाक्टरको रुपमा रही विभिन्न आयोजनाहरुमा कार्यानुभव । -२०६७ साल देखि हालसम्म जोशी हाइड्रोपावर कम्पनी लिमिटेडमा अध्यक्षको रुपमा रही कार्यानुभव । |
| २. | सुश्री रन्जना दहाल (संस्थापक समूह) | संस्थापक शेयरधनी | ३९ | नेपाली | ईलाम –८ | ६४,९७६ | विए | - २०६२ साल देखि २०६९ साल सम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा.लि मा ७ वर्ष देखि प्रबन्ध संचालकको रुपमा कार्यानुभव - मिति २०६२ असार देखि २०७३ सालसम्म दोलखा निर्माण कम्पनी प्रा.लि मा ११ वर्षको जेनेरल म्यानेजरको रुपमा कार्यानुभव । - मिति २०७२ जेष्ठ महिना देखि हालसम्म विग होटल प्रा.लि, तथा फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि मा संचालकको रुपमा रही कार्यानुभव । |
| ३. | श्री रुपमनी राजभण्डारी (संस्थापक समूह) | सञ्चालक | ५६ वर्ष | नेपाली | विराटनगर-१३, मोरङ्ग | ७६,७८६ | विएससी | -मिति २०३९ जेष्ठ महिना देखि हालसम्म सिभिल कन्सट्रक्सन सम्वन्धि कार्यमा कन्ट्रयाक्टर, प्रोजेक्ट म्यानेजर र प्रोजेक्ट डिरेक्टरको ३५ वर्षको कार्य अनुभव । -मिति २०६२ साल देखि २०६७ असार सम्म हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा.लि., मुन लाइट हाइड्रोपावर कम्पनी प्रा.लि.को डेभलपर डाइरेक्टरको रुपमा कार्यानुभव । -मिति २०३९ साल देखि हालसम्म दोलाखा निर्माण कम्पनी प्रा.लि.को संचालकको रुपमा कार्यानुभव । |

(ख) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

नभएको ।

(ग) **संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना,**

कम्पनीका सञ्चालकहरूआवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण :

| क्र.सं | नाम | आवद्ध भएको संस्थाको नाम र ठेगाना |
|---|---|---|
| २. | श्री विरेन्द्र बहादुर न्यौपाने | अध्यक्षः–१) दोलखा निर्माण कम्पनी प्रा.लि,<br>२) विग होटल प्रा.लि,<br>३) फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि तथा संचालक |
| ५ | श्री रुपमणी राजभण्डारी | प्रबन्ध संचालकः–१) दोलखा निर्माण कम्पनी प्रा.लि, २) विग होटल प्रा.लि, ४) फार्म हाउस एण्ड रिसोर्ट प्रा.लि |

कम्पनीको संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक नभएको तथा कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१) (छ) को पालना गरिएको छ ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण**

अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

आ) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ख) संस्थापक/संचालकसंगको कारोवार**

(क) **कम्पनीबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति मूल्य र त्यस्तो सुविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः** सो नभएको ।

(ख) **माथि बुँदा १ मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः** सो नभएको ।

**६) सीमित दायित्व सम्बन्धी विवरण**

यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

**७) संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,**

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः**

(क) **कम्पनीको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ती भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए सेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क्र. सं. | कर्मचारीको नाम | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या | अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम |
|---|---|---|---|---|---|---|
| १ | जितेन्द्र श्रेष्ठ | विई (सिभिल) | २०६८/६/६ | दोलखा निर्माण कम्पनी प्रा.लिमा २०५६ देखि २०६७ सम्म इन्जिनियर तथा | छैन | नगरेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रोक्जेक्ट म्यानेजर भई कार्यानुभव । २०६८ देखि हालसम्म जोशि हाइड्रोपावरमा आवद्घ | | |
| २ | अन्नत कार्की | एमविए | २०६८/५/६ | २०५५ देखि २०६८ साल सम्म श्याम कार्की एण्ड एसोसियट्समा लेखा व्यवसायमा आवद्घ भई कार्यानुभव । २०६८ देखि हालसम्म जोशि हाइड्रोपावरमा आवद्घ | छैन | नगरेको |
| ३ | सुधिर लामिछाने | विविएस | २०६८/५/६ | २०६१ देखि २०६२ सम्म श्याम कार्की एण्ड एशोसियट्समा कार्य गरेको तथा २०६२ देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी प्रा.लिमा आवद्घ । २०६८ देखि हालसम्म जोशि हाइड्रोपावरमा आवद्घ | छैन | नगरेको |

कम्पनीका माथि उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी नरहनुभएको ।

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने।** सो नभएको ।

(ग) **कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ५१ | २५ | २६ | छैन | छैन | |

**ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण**

(क) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा**

संगठित संस्थाको अध्यक्ष लगायत अन्य सदस्यालई बैठक भत्ता र दैनिक भ्रमण भत्ता उपलब्ध नरहेको । साथै अन्य सुविधाहरु समेत नरहेको ।

(ख) **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम,**

| क्र.सं. | नाम | पद | (आ.व ०७४/७५) तलब तथा भत्ता रु. |
|---|---|---|---|
| १ | जितेन्द्र श्रेष्ठ | इन्जिनियर डिभिजन हेड | ६,५०,०००/ |
| २ | अन्नत कार्की | प्रमुख लेखा अधिकृत | ३,९०,०००/ |
| ३ | सुधिर लामिछाने | लेखा तथा प्राशासनिक अधिकृत | ३,२५,०००/ |

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**८) अन्तर्निहीत जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- संचालनमा आईसकेको हुदा जलविद्युत केन्द्रमा विद्युत उत्पादनमा हुने उतार चढावले वित्तिय जोखिम रहेको ।
- नयां आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पुर्ण रकम प्राप्त भै सकेको र बैकबाट पनि ऋण प्राप्त गरिसकिएकोले वित्तिय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- जलस्रोतको मुहानको बाताबरणमा अप्रत्यासित रुपमा परिबर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- परियोजनालाई चाहिने  अन्य कच्चापदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भै सकेको हुनाले कच्चापदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** जोखिम नरहेको ।

- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने। नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun)को जोखिम :** परियोजना सम्पन्न भैसकेकोले मूल्य अभिबृद्धिको जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** हाल यस्तो जोखिम नरहेको  ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू**: हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्नेसम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण(Globalization)का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।

**(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने तर कम्पनीले आयात गर्ने उपकरणहरुमा भन्सार महशुल १ प्रतिशत र  मूल्य अभिबृद्धिकर पूर्ण छुट हुने व्यवस्था रहने हुँदा सम्पुर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयत गरिसकेको हुनाले यस्तो जोखिम नरहने ।

**(झ) सञ्चालन इतिहासको अभाव :** संगठित संस्था प्रा.लि. को रुपमा मिति २०६२ साल वैशाख ६ गते स्थापना भई कार्य गर्दै आएकोले संचालन इतिहास १३ वर्ष रहेको तथा संगठित संस्था मिति २०७१ साल फाल्गुण १४ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा रुपान्तरण भैसकेको समेत ४ वर्ष भैसकेकोले संचालन इतिहास अभाव नरहेको ।

**(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम व्यबसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस व्यबसायमा असर पार्ने जोखिम रहेको छ।

**(ट) अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना बन्द भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने ।
- जलविद्युत आयोजनामा भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षती र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतन वाट खोलामा पानिको वाहावमा  थप घट हुन गई तदअनुरुप विद्युत उत्पादनमा

घटवढ हुन सक्दछ । यसका लागी विद्युत उत्पादनमा कमी आएमा हर्जाना मिनाहा हुने व्यवस्था कायम रहेको छ।

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूंजि बजारको अवस्थामा आउने उतारचढावबाट पर्न सक्ने जोखिमहरु।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यबस्थापनको धारणा :**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यबस्थापनको रहेको छ।
सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्ने सम्बन्धमा यस कम्पनीले गरेको विमा सम्वन्धि विवरण तपशिल बमोजिम रहेको छ।

| विमा गरिएको सम्पत्तिको नाम | विमाङ्क रकम | विमा गराइएको कम्पनीको नाम |
|---|---|---|
| सिभिल कार्य | २०,३१,०९,६७४।०० | एभरेष्ट इन्सुरेन्स कम्पनी लि. |
| हाइड्रोमेकानिकल कार्य | २,८१,२२,५२२।०० | एभरेष्ट इन्सुरेन्स कम्पनी लि. |
| इलेक्ट्रोमेकानिकल कार्य | १३,४०,१२,०१४।०० | एभरेष्ट इन्सुरेन्स कम्पनी लि. |
| ट्रान्समिशन लाइन कार्य | १,४८,५०,७८०।०० | एभरेष्ट इन्सुरेन्स कम्पनी लि. |
| अन्य | १,३७,७४,४०२।०० | एभरेष्ट इन्सुरेन्स कम्पनी लि. |

**विमा सम्वन्धि अन्य विवरण देहाय अनुसार रहेका छ।**
बीमाले वहन गर्ने जोखिमः Loss of Proft, अग्नि विमा, सामूहिक दुर्घटना विमा, तेस्रो पक्ष बीमा
पछिल्लो पटक प्रिमियम भुक्तान गरेको रकम जम्मा रकमः रु १४,६५,८६५.१४
पछिल्लो पटक प्रिमियम भुक्तान गरेको मितिः २०७४ फाल्गुण १८
बीमाको बैधताः सन् २०१८ मार्च ३१ देखि सन् २०१९ मार्च ३० सम्म रहेको ।
साथै, Loss of Profit को बीमा समेत एभरेष्ट इन्सुरेन्स कम्पनी लिमिटेडमा सन् २०१८ मार्च ३१ मा गरिएको छ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**९) वित्तीय विवरण**

**क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :

यस कम्पनीको आ.व २०७४/७५ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७५ आषाढ मसान्त)**

**(रु.हजारमा)**

| विवरण | २०७५ आषाढ मसान्त |
|---|---|
| **स्थीर सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ५५१,६९८ |
| **कुल स्थीर सम्पत्ति** | **५५१,६९८** |

| | |
|---|---|
| **चालू सम्पत्ति** | |
| नगद  तथा बैंक मौज्दात | १,९६५ |
| पाउनुपर्ने रकम | २१,६७५ |
| अन्य आसामी हिसाव | १,२१३ |
| **जम्मा चालू सम्पत्ति** | **२४,८५३** |
| **जम्मा सम्पत्ति** | **५७६,५५१** |
| **पूँजी तथा दायित्व** | |
| शेयर पूँजी | १८९,४२८ |
| शेयर आवेदन रकम | १२,९३९ |
| जगेडा कोष तथा सञ्चिती | (११,९८८) |
| **जम्मा** | **१९०,३७९** |
| **ऋण दायित्व** | **३२०,०२१** |
| **चालु दायित्व** | ६६,१५० |
| **जम्मा पूँजी तथा दायित्व** | **५७६,५५१** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५)**

| **विवरण** | **आ.व २०७४/७५** |
|---|---|
| विद्युत विक्रीबाट भएको आम्दानी | ६७,३०० |
| अन्य आम्दानी | १७५ |
| **संचालन खर्च** | |
| रोयल्टी खर्च | १,६४६ |
| परियोजना खर्च | ११,५२६ |
| प्रशासनिकखर्च | २,१९६ |
| **व्याज तथा ह्रास कट्टी गर्नु अघिको नाफा** | **५२,१०७** |
| वित्तीय खर्च | ४१,०७२ |
| ह्रास कट्टि | ६,०२६ |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **५,००७** |
| आय कर | |
| आयकर पछिको नाफा | **५,००७** |

**नगद प्रवाहको विवरण (२०७५ आषाढ मसान्त)**

| **विवरण** | **आ.व २०७४/७५** |
|---|---|
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | |
| चालु वर्षको खुद नाफा | ५,००७ |
| **समायोजन** | |
| पूर्व संचालन खर्च अपलेखन | |
| ह्रास कट्टी | ६,०२८ |
| **चालु पूँजीमा परिवर्तन गर्नु अघिको नगद प्रवाह** | **११,०३५** |
| **चलु पूँजी परिवर्तन :** | ३,२४३ |
| **्संचालन गतिविधिबाट  नगद प्रवाह** | **१४,२७८** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |

| | |
|---|---|
| परियोजनाखर्चमा परिवर्तन | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी खरिद | (४,१३७) |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | **(४,१३७)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| शेयर आवेदन रकममा परिवर्तन | १२,९६७ |
| सुरक्षित कर्जामा परिवर्तन | (२१,४८४) |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | (८,५१७) |
| **नगदमाभएको कुल परिवर्तन** | **१,६२४** |
| **गत वर्ष नगदमा भएको कुल परिवर्तन** | **३४१** |
| **चालु वर्षको नगदमा भएको कुल परिवर्तन** | **१,९६५** |

**(ख)सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण:**

**वासलात**

**रु. हजारमा**

| **विवरण** | **२०७३आषाढ मसान्त** | **२०७४आषाढ मसान्त** | **२०७५आषाढ मसान्त** |
|---|---|---|---|
| **स्थीर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ५५९,०२५ | ५५३,५८९ | ५५१,६९८ |
| **कुल स्थीर सम्पत्ति** | **५५९,०२५** | **५५३,५८९** | **५५१,६९८** |
| **चालू सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १४० | ३४१ | १,९६४ |
| पाउनुपर्ने रकम | १३,१६२ | ८,८९५ | २१,६७५ |
| अन्य आसामी हिसाव | ४,७३२ | ६,८५५ | १,२१३ |
| **जम्मा चालू सम्पत्ति** | **१८,०३४** | **१६,०९१** | **२४,८५३** |
| **जम्मा सम्पत्ति** | **५७७,०५९** | **५६९,६८०** | **५७६,५५१** |
| **पूँजी तथा दायित्व** | | | |
| **शेयर पूँजी** | १३२,९०० | १३२,९०० | १८९,४२८ |
| शेयर आवेदन रकम | ५६,५०० | ५६,५०० | १२,९३९ |
| जगेडा कोष तथा सञ्चिती | (१९,४११) | (१६,९९५) | (११,९८८) |
| **जम्मा** | **१६९,९८९** | **१७२,४०५** | **१९०,३७९** |
| अन्य दायित्व | ३५७,२७९ | ३४१,५०६ | ३२०,०२१ |
| चालु दायित्व तथा व्यवस्था | ४९,७९२ | ५५,७६९ | ६६,१५० |
| **जम्मा पूँजी तथा दायित्व** | **५७७,०५९** | **५६९,६८०** | **५७६,५५१** |

**नाफा-नोक्सान हिसाव**

| **विवरण** | **आ.व २०७२/७३** | **आ.व २०७३/७४** | **आ.व २०७४/७५** |
|---|---|---|---|
| विद्युत विक्रीबाट भएको आम्दानी | ५४,९९६ | ५५,३३२ | ६७,३०० |
| अन्य आम्दानी | ७९९ | २६३ | १७५ |
| **जम्मा आम्दानी** | **५५,७९५** | **५५,५९६** | **६७,४७५** |
| **संचालन खर्च** | | | |
| रोयल्टी खर्च | १,१७१ | १,४८६ | १,६४६ |
| परियोजना खर्च | ९,६६२ | ८,१५६ | ११,५२६ |
| प्रशासनिकखर्च | २,३५८ | २,९१४ | २,१९६ |
| **व्याज तथा ह्रास कट्टी गर्नु अघिको नाफा** | **४२,६०४** | **४३,०३९** | **५२,१०७** |

| | | | |
|---|---|---|---|
| वित्तीय खर्च | ३६,८०४ | ३५,१८७ | ४१,०७२ |
| ह्रास कट्टि | ५,५०५ | ५,४३५ | ६,०२८ |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **२९४** | **२,४१६** | **५,००७** |
| आय कर | ० | ० | ० |
| **आयकर पछिको नाफा** | **२९४** | **२,४१६** | **५००७** |
| गत वर्षको सञ्चिति | (१९,७०५) | (१९,४११) | (११,९८८) |
| **जगेडा कोष/सञ्चिति सारेको** | **(१९,४११)** | **(१६,९९५)** | **(११,९८८)** |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षक बाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :**
नभएको ।

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण ।**
सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भएपश्चात संगठित संस्थाको कारोबार, नाफानोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मिति सम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदिगरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य:** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागिप्रक्षेपितवित्तीय स्थिति देहायबमोजिम रहेको छ:

**वासलात**

रु हजारमा

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | २०७५।७६ | २०७६।७७ | २०७७।७८ |
| **स्थीर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ५४५,६८१ | ५३९,७२४ | ५३३,८२७ |
| **कुल स्थीर सम्पत्ति** | **५४५,६८१** | **५३९,७२४** | **५३३,८२७** |
| **चालू सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १०,६११ | ७,३३२ | ७,४२५ |
| पाउनुपर्ने रकम | ९,३६२ | ९,५९६ | ९,८३६ |
| अन्य आसामी हिसाव | १,५०० | १,५०० | १,५०० |
| **जम्मा सम्पत्ति** | **५६७,१५४** | **५५८,१५२** | **५५२,५८८** |
| **पूँजी तथा दायित्व** | | | |
| **शेयर पूँजी** | ३७१,४०० | ३७१,४०० | ३७१,४०० |
| शेयर आवेदन रकम | - | - | - |
| जगेडा कोष तथा सञ्चिती | (७५२) | १८,२४६ | ४०,६८३ |
| **जम्मा** | **३७०,६४८** | **३८९,६४६** | **४१२,०८३** |
| अन्य दायित्व | १९४,००६ | १६६,५०६ | १३९,००६ |
| चालु दायित्व तथा व्यवस्था | २,५०० | २,००० | १,५०० |
| **जम्मा पूँजी तथा दायित्व** | **५६७,१५४** | **५५८,१५२** | **५५२,५८८** |

## नाफा-नोक्सान हिसाव

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७५।७६ | २०७६।७७ | २०७७।७८ |
| विद्युत विक्रीबाट भएको आम्दानी | ५६,१७१ | ५७,५७५ | ५९,०१४ |
| अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **५६,१७१** | **५७,५७५** | **५९,०१४** |
| रोयल्टी खर्च | १,४२३ | १,४५२ | १,४८० |
| परियोजना खर्च | ११,८७२ | १२,२२८ | १२,५९५ |
| प्रशासनिकखर्च | २,२६२ | २,३३० | २,४०० |
| वित्तीय खर्च | २३,१३१ | १६,२२३ | १३,७४८ |
| ह्रास कट्टि | ६,०१७ | ५,९५७ | ५,८९७ |
| कर्मचारी बोनस | २२९ | ३८८ | ४५८ |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **११,२३६** | **१८,९९८** | **२२,४३६** |
| आय कर | - | - | - |
| **आयकर पछिको नाफा** | **११,२३६** | **१८,९९८** | **२२,४३६** |

कम्पनीको वित्तिय प्रक्षेपण कम्पनी आफैंले गरेको हो । यी विवरणहरु औचित्यपुर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री जि. पौडेल एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री घनश्याम पौडेल रहनु भएको छ।

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| विवरण | आ.व २०७५।७६ | आ.व २०७६।७७ | आ.व २०७७।७८ |
| १. कुल आयमा औषत बृद्धिदर | -१६.७५% | २.५०% | २.५०% |
| २. कुल खर्चमा औषत बृद्धिदर | १.२३% | २.९१% | २.९१% |
| ३. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २७.७०% | २७.८१% | २७.९२% |
| ४. खुद मुनाफामा औषत बृद्धिदर | १२४.३९% | ६९.०८% | १८.१०% |
| ५. आयकर ब्यवस्था (प्रतिशतमा) | - | - | - |
| प्रति शेयर आम्दानी | ३.०३ | ५.१२ | ६.०४ |
| अन्य संचालन खर्चका वृद्धिदर | -३७.६३% | -२३.१८% | -१०.९२% |
| Return on Equity | ३.०३% | ५.१२% | ६.०४% |
| Return on Assets | १.९८% | ३.४०% | ४.०६% |

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।

१) कम्पनीले आ.ब २०७५/०७६ मा सर्वसाधारणलाई छुट्याईएको रु १६९,०३३,००० बराबरको शेयर निष्काशन गरिने योजना रहेको छ।

२) शेयर निष्काशनबाट प्राप्त रकम बैंकको ऋण तथा अन्य दाईत्व तिर्नका लागि उपयोग गर्ने प्रक्षेपण गरीएको छ।

३) कुनै पनि सम्पत्ति थप नहुने प्रक्षेपण गरीएको छ तथा ह्रास खर्च कम्पनीको ह्रासकट्टि निति अनुसार १% का दरले प्रक्षेपण गरीएको छ।

४) विद्युत बिक्रीको २ महिना बराबरको रकम पाउनुपर्ने हिसाबमा देखाइएको छ।

५) पेश्कि ऋण तथा धरौटि, नगद तथा बैकं मौज्दात र चालु तथा अन्य दाईत्व बिगतको परीणामहरुको आधारमा प्रक्षेपण गरीएको छ।

६) कुनैपनि आर्थिक बर्षमा लाभांस वितरणको प्रक्षेपण गरीएको छैन।

७) विद्युत बिक्री बाट हुने आम्दानी विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधान तथा बिगतको परीणामहरुको आधारमा प्रक्षेपण गरीएको छ।

८) रोयल्टि खर्च विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधानको आधारमा प्रक्षेपण गरीएको छ।

९) परीयोजना खर्च बार्षिक ३ % का दरले बृद्धि हुनेगरी प्रक्षेपण गरीएको छ।

१०) प्रशासनिक तथा अन्य खर्चमा बार्षिक ३ % का दरले बृद्धि हुनेगरी प्रक्षेपण गरीएको छ।

११) कर्मचारी बोनस खर्च खुद नाफाको २% प्रक्षेपण गरीएको छ।

१२) कम्पनी करछुट अवधीमा भएकाले आयकरको व्यवस्था गरीएको छैन।

**ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) संचालन अवधि तीन बर्ष व्यतित भै सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रतिशेयर नेटवर्थ निम्न अनुसार छ।**

रकम “रु हजारमा”

| | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| **विवरण** | २०७२।०७३ | २०७३।०७४ | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ |
| चुक्तापुँजी | १३२,९०० | १३२,९०० | १८९,४२८ | ३७१,४०० | ३७१,४०० | ३७१,४०० |
| जगेडाकोष तथा संचितनाफा | (१९,४११) | (१६,९९५) | (११,९८८) | (७५२) | १८,२४६ | ४०,६८३ |
| **जम्मा (नेटवर्थ)** | **११३,४८९** | **११५,९०५** | **१७७,४४०** | **३७०,६४८** | **३८९,६४६** | **४१२,०८३** |
| शेयर संख्या (हजारमा) | १,३२९ | १,३२९ | १,८९४ | ३,७१४ | ३,७१४ | ३,७१४ |
| प्रति शेयर आम्दानी (रु.) | ०.२२ | १.८२ | २.६४ | ३.०३ | ५.१२ | ६.०४ |
| प्रति शेयर नेटवर्थ | ८५.३९ | ८७.२१ | ९३.६७ | ९९.८० | १०४.९१ | ११०.९५ |
| नेटवर्थमा औषत प्रतिफल (%) | ०.२६% | २.०८% | २.८२% | ३.०३% | ४.८८% | ५.४४% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | **२.७४%** |

कम्पनीको वित्तियविवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री जि. पौडेल एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री घनश्याम पौडेल ले गर्नु भएको हो।

ख) विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : १.७२ %

**१०) धितोपत्र निष्काशन सम्बन्धी विवरण:**

**क) धितोपत्र जारी गर्नुको उद्देश्य**

कम्पनीबाट निर्माण भएको पुवाखोला जलबिद्युत आयोजनाको विकास तथा सो आयोजनाको लागि लिइएको ऋण तिर्नको लागि पूँजी संकलन गर्नु प्रस्तुत शेयर निष्काशनको मुख्य उद्देश्य हो।

**ख) धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग**

**(क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत्सम्बन्धी विवरण**

कम्पनीको जारी पुँजी जम्मा रु ३७,१४,००,००० रहेको छ। कम्पनीले आफ्नो जारी पुँजीको ३९ प्रतिशत का दरले हुने रु १४,४८,४६,००० (अक्षरुपी चौध करोड अठ्चालिस लाख छयालिस हजार मात्र) र आयोजना प्रभावित क्षेत्रका लागि निष्काशन गरिएको ३,७१,४०० कित्ता मध्ये १,२९,३९० मात्र आवेदन परेकोले बाँकी बिक्री नभएको रु.२,४२,०१० गरी जम्मा रकम रु. १६,९०,४७,००० /- बराबरको प्रति शेयर रु.१००।– अङ्कित दरका १६,९०,४७० कित्ता साधारण शेयर निष्काशन गर्नेछ। र खर्चको विवरण देहाय बमोजिम हुनेछ।

| क्र.सं. | रकम | उपयोगगरिने योजना |
|---|---|---|
| १ | रु. १२,००,००,०००/- | सर्वसाधारणलाई शेयर निष्काशन गरेपश्चात प्राप्त रु. १६,९०,४७,००० मध्ये रकम रु १२ करोड बैंकमा ऋण तिर्न प्रयोग गरिने। |
| २ | रु ४,९०,४७,०००/- | संगठित संस्थाको आ.व २०७४/०७५ को लेखापरिक्षण प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने दायित्व अन्तर्गतका शिषकहरु: लेखापरिक्षण शुल्क, कर कट्टी रकम, कर्मचारीलाई तिर्नुपर्ने तलव तथा भत्ता, संचालन खर्च तिर्नुपर्ने बाँकी रहेको रकम, विद्युत विकास विभागलाई तिर्नुपर्ने रोयल्टी, दोलखा निर्माण कम्पनीलाई तिर्नुपर्ने दायित्व आदिमा उपयोग गरिनेछ। |
| जम्मा | १६,९०,४७,०००/- | |

ऋणको बैंकमा तिर्नुपर्ने ऋण भुक्तानी रकमको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

| Due date | Installment | Loan Balance | Remarks |
|---|---|---|---|
| **JBNL** | | 141,254,357 | |
| **KBL** | | 135,274,156 | |
| **SBL** | | 90,287,552 | |
| **Total Loan Withdrawn** | | **366,816,065** | |
| **Repayment Schedule** | | | |
| Asadh End, 2072 | 1,100,448 | **365,715,617** | F/Y 2071/72 |
| Ashwin End, 2072 | 2,567,712 | **363,147,905** | F/Y 2072/73 |
| Poush End, 2072 | 2,567,712 | **360,580,192** | |
| Chaitra End, 2072 | 1,100,448 | **359,479,744** | |
| Asadh End, 2073 | 2,200,896 | **357,278,848** | |
| Ashwin End, 2073 | 5,135,425 | **352,143,423** | F/Y 2073/74 |
| Poush End, 2073 | 5,135,425 | **347,007,998** | |
| Chaitra End, 2073 | 2,200,896 | **344,807,101** | |
| Asadh End, 2074 | 3,301,345 | **341,505,757** | |
| Ashwin End, 2074 | 7,703,137 | **333,802,619** | F/Y 2074/75 |
| Poush End, 2074 | 7,703,137 | **326,099,482** | |
| Chaitra End, 2074 | 3,301,345 | **322,798,137** | |
| Asadh End, 2075 | 2,776,649 | **320,021,488** | |
| Ashwin End, 2075 | 10,270,850 | **309,750,639** | F/Y 2075/76 |
| Kartik End, 2075 (After IPO) | **98,515,688** | **211,234,950** | |
| Poush End, 2075 | 5,743,050 | **205,491,900** | |
| Chaitra End, 2075 | 5,743,050 | **199,748,850** | |
| Asadh End, 2076 | 5,743,050 | **194,005,800** | |
| Ashwin End, 2076 | 6,875,000 | **187,130,800** | F/Y 2076/77 |
| Poush End, 2076 | 6,875,000 | **180,255,800** | |
| Chaitra End, 2076 | 6,875,000 | **173,380,800** | |
| Asadh End, 2077 | 6,875,000 | **166,505,800** | |
| Ashwin End, 2077 | 6,875,000 | **159,630,800** | F/Y 2077/78 |
| Poush End, 2077 | 6,875,000 | **152,755,800** | |
| Chaitra End, 2077 | 6,875,000 | **145,880,800** | |
| Asadh End, 2078 | 6,875,000 | **139,005,800** | |
| Ashwin End, 2078 | 6,875,000 | **132,130,800** | F/Y 2078/79 |
| Poush End, 2078 | 6,875,000 | **125,255,800** | |
| Chaitra End, 2078 | 6,875,000 | **118,380,800** | |
| Asadh End, 2079 | 6,875,000 | **111,505,800** | |
| Ashwin End, 2079 | 6,875,000 | **104,630,800** | F/Y 2079/80 |
| Poush End, 2079 | 6,875,000 | **97,755,800** | |
| Chaitra End, 2079 | 6,875,000 | **90,880,800** | |
| Asadh End, 2080 | 6,875,000 | **84,005,800** | |
| Ashwin End, 2080 | 6,875,000 | **77,130,800** | F/Y 2080/81 |
| Poush End, 2080 | 6,875,000 | **70,255,800** | |
| Chaitra End, 2080 | 6,875,000 | **63,380,800** | |
| Asadh End, 2081 | 6,875,000 | **56,505,800** | |

| | | | |
|---|---|---|---|
| Ashwin End, 2081 | 6,875,000 | **49,630,800** | F/Y 2081/82 |
| Poush End, 2081 | 6,875,000 | **42,755,800** | |
| Chaitra End, 2081 | 6,875,000 | **35,880,800** | |
| Asadh End, 2082 | 6,875,000 | **29,005,800** | |
| Ashwin End, 2082 | 6,875,000 | **22,130,800** | F/Y 2082/83 |
| Poush End, 2082 | 6,875,000 | **15,255,800** | |
| Chaitra End, 2082 | 6,875,000 | **8,380,800** | |
| Asadh End, 2083 | 6,875,000 | **1,505,800** | |
| Ashwin End, 2083 | 1,505,800 | - | F/Y 2083/84 |
| Poush End, 2083 | - | - | |
| Chaitra End, 2083 | - | - | |
| Ashad End, 2084 | - | - | |
| **Grand Total** | **366,816,065** | | |

ऋण सम्वन्धि अन्य विवरण देहाय अनुसार रहेको छ।

| **ऋण लिएको बैंक/वित्तीय संस्थाको नाम** | **शुरुमा प्राप्त गरेको ऋण रकम** | **तिर्न बाँकी रहेको ऋण रकम** | **भुक्तानी गरिसकेको रकम (व्याज सहित)** | **ऋण भुक्तानी गर्नुपर्ने समयावधि** |
|---|---|---|---|---|
| जनता बैंक लि. | १४१,२५४,३५६.७० | १२२,६३२,१३२.१६ | १,८६,२२,२२४.५४ | प्रत्येक वर्ष त्रैमासिक रुपमा आंशिक सावा र व्याज भुक्तानी गर्दै जाने व्यवस्था ऋण पत्र सम्झौतामा रहेको छ। |
| कुमारी बैंक लि. | १३५,२७४,१५६.०६ | ११९,०२२,७३७.०८ | १६,२५१,४१८.९८ | प्रत्येक वर्ष त्रैमासिक रुपमा आंशिक सावा र व्याज भुक्तानी गर्दै जाने व्यवस्था ऋण पत्र सम्झौतामा रहेको छ। |
| सिद्धार्थ बैंक लि. | ९०,२८७,५५२.४६ | ७८,३६६,६१९.२४ | ११,९२०,९३३.२२ | प्रत्येक वर्ष त्रैमासिक रुपमा आंशिक सावा र व्याज भुक्तानी गर्दै जाने व्यवस्था ऋण पत्र सम्झौतामा रहेको छ। |
| **जम्मा** | **३६६,८१६,०६५.२२** | **३२०,०२१,४८८.४८** | **४६,७९४,५७६.७४** | |

जनता बैंक नेपाल लिमिटेडसँग माथि उल्लेखित कर्जा बाहेक अल्पकालीन चालु पूँजी कर्जा रु १,७३,८१,७८४.१२ रहेको छ।

(ख) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

कुनै कारणवश पूर्णरुपमा बिक्री नभएमा, श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंले रकम रु १४,४८,४६,०००/- बराबरको १४,४८,४६० कित्ता शेयर प्रत्याभुत गरेको छ र आयोजना प्रभावित क्षेत्रबाट बिक्री नभएको रकम रु.२,४२,०१,०००/- बराबरको २,४२,०१० कित्ता शेयर श्री नबिल इन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेडबाट प्रत्याभुत गराएको छ।

ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीले विकास गरेको पुवाखोला जलविद्युत आयोजना मेची अञ्चलको इलाम जिल्लामा रहेको छ । यो जलविद्युत आयोजना केन्द्रको निर्माण कार्य सम्पन्न भई विद्युत

उत्पादन हुन थालिसकेको छ। पुवाखोला जलविद्युत आयोजनाको भौतिक संरचनाहरुको निर्माण समेत भईसकेको छ। पावर हाउस देखि नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको ३२ के.भी. ट्रान्समिसन लाइन जडानका निमित्त ट्रान्समिसन लाइन (करिव १ किमि) निर्माणको काम सम्पन्न भएको छ। नेपाल विद्युत प्राधिकरण सँग २०६५।१२।२६ मा कनेक्सन सम्झौता समेत भैसकेको छ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाको व्यापारिक उत्पादन मिति २०७१ साल माघ १ गते मध्यान्ह १२ बजे देहि शुरु भैसकेको छ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :**

**खरिद भैसकेको उपकरण सम्वन्धि विस्तृत विवरण**

| क्र.सं. | उपकरणको नाम | उपकरणको मूल्य | सप्लायर्ससँग भएको सम्झौता |
|---|---|---|---|
| १ | **Gantry (Crane)Governer, Runner, Main Unit Valve, Generator, Turbine, Rotar, Cooling System, Bearing, Excitor, Fly Wheel, Breaking System, Draft Tube, Expansion Valve, Scada System, High Voltage System, Control System, 3Axuliary Transformer, Battery Backup, Pole, Conductor, Disc, Pin insolater, Clamp, Grapher, Channel, Stay Wire, Stay Insolater3** | सम्पूर्ण उपकरणहरुको जम्मा मूल्य $ ११,००,०००/- ( अमेरीकी डलर एघार लाख मात्र) रहेको छ। | चिनको Hunan Allonward Hydro-Generating Equipment Co. Ltd, Hunan, China ले निमार्ण गरेको एक्काइसौं शताब्दीको अत्याधुनिक प्रविधिबाट संचालन हुने उपकरणहरुको मुल्य भुक्तान गरी परियोजनास्थलमा ल्याई जडान गरि मिति २०७१ साल माघ १ गते देखि उत्पादन समेत भैसकेको र यी मेशीनहरु संचालनमा आएको मिति देखी १ बर्ष सम्मको वारेन्टीको व्यवस्था रहेकोमा हाल आयोजना संचालनमा आएको ४ वर्ष भैसकेको हुँदा सप्लायसंगको सम्झौता समाप्त भैसकेको छ। सम्झौता कायम रहेको समयमा जडान गरिएका मेसिनरी उपकरणहरु विग्रीएको अवस्थामा कम्पनीले खवर गरेको अवस्थामा मर्मत सम्भारका लागि आवश्यक कर्मचारी खटाई मर्मत सम्भार गरिदिने व्यवस्था रहेको। |

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

(छ) **उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्दा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** इलाम जिल्ला स्थित पुवाखोला १ जलविद्युत आयोजनाको उत्पादन क्षमता ३ मेगावाट रहेको छ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** मेची अञ्चलको इलाम जिल्लाको पुवा खोलाको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत**:मेची अञ्चलको इलाम जिल्लाको ठुलो पुवा खोला र सानो पुवा खोलाको पानी।

(ञ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्वन्धी विवरण :**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धकलाई दिईने शुल्क : रु.४,५४,७५०/–**

(आ) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा):** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको।

(इ) **प्रत्याभूतिकर्ता:** सिद्धार्थ क्यापिटल लि.ले प्रत्याभुत गरिएको रकम रु. १४,४८,४६,०००/- को १ प्रतिशतले हुन आउने रकम रु. १४,४८,६० रहेको छ भने नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई प्रत्याभुत शुल्क वापत रु. २,४२,०१०/- रहेको छ।

(ई) **विज्ञहरु:** सो नभएको।

(उ) **लेखापरीक्षक: लेखा परिक्षकलाई दिने शुल्क रु. १,५०,०००।००** ।

(ऊ) **अन्य:** (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्र तथा निष्काशन बैंकलाई कुनै सेवा शुल्कको

व्यवस्था गरिएको छैन ।

ग) **सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मूल्यमा प्रिमियम थप  गरिएको छैन ।

ङ) **धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीग दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ।

साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ताहरु बीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताहरुलाई दामासाहीले बाँडफाँड गरिनेछ ।

(ख) **अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:**
सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रोक्का रहेको रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४" को दफा २९(३) मा भएको ब्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आश्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्बन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण  भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी**

**विवरण :** प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ तथा प्रचलित शेयर बांडफांड सम्वन्धी व्यवस्था बमोजिम, सर्वसाधारणहरुको लागि शेयर बांडफांड गरे पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

**च) प्रत्याभूति सम्बन्धी विवरण:**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम:**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ।

१) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : सिद्धार्थ क्यापिटल लिमिटेड
ठेगाना: नारायणचौर, नक्साल काठमाण्डौं
प्रत्याभूति गर्ने धितोपत्रको संख्या :१४,४८,४६०।०० कित्ता
प्रत्याभूति गर्ने धितोपत्रको रकम :रु. १४,४८,४६,०००/-

२) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
ठेगाना: नारायणचौर, नक्साल काठमाण्डौं
प्रत्याभूति गर्ने धितोपत्रको संख्या : २,४२,०१० कित्ता
प्रत्याभूति गर्ने धितोपत्रको रकम :रु. २,४२,०१,०००/–

**ख) धितोपत्र प्रत्याभुतिकर्ता संग गरिएको सम्झौताको मुख्य मुख्य बूंदाहरु:**

**सिद्धार्थ क्यापिटल लिमिटेडसँग भएको सम्झौताका बुँदाहरु**

१) प्रत्याभुतिकर्ताले १४,४८,४६० कित्ता शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ।
२) प्रत्याभुतिकर्तालाई रु.१००/– अंकित दरको १४,४८,४६० कित्ता अर्थात रुकम रु १४,४८,४६,००० बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कुल प्रत्याभुत गरिएको रकमको १ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ।
३) यदि शेयर बिक्री नभई द्वितिय पक्षले प्रत्याभुति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ।
४) प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता शेयरहरुमा मात्र सिमित हुनेछ।
५) यस विवरण पत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्णरुपमा वा आंशिक रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी खरिद गर्ने सहमती जनाएको छ।
६) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुको पुर्णरुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वत: खारेज हुनेछ।
७) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन २०५५ बमोजिम कारबाही गर्न सक्नेछ।
८) प्रत्याभुत गरेको शेयर कित्ता सर्वसाधारणबाट खरिद नभई बाँकी रहेमा बाँकी रहेको शेयर कित्ता प्रत्याभुत कर्ताले खरिद गर्ने छ।
९) प्रत्याभुत शुल्क वापत प्रत्याभुतकर्ताले प्रत्याभुत गरेको रकमको १ प्रतिशत रकम सेवा शुल्क वापत लिनेछ।

**नबिल इन्भेष्टमेन्ट बैकिंङ लिमिटेडसँग भएको सम्झौताका बुँदाहरु**

१) प्रत्याभुतिकर्ताले २,४२,०१० कित्ता शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ।
२) कम्पनीले प्रत्याभुति सेवा प्राप्त गरे बापत प्रत्याभुतिकर्ता लाई रु.२,४२,०१० -अक्षरेपि दुई लाख बयालिस हजार दश रुपैया मात्र) भुक्तान गर्नुपर्नेछ। प्रचलित कानुन बमोजिम नेपाल धितोपत्र बोर्ड लाई दिनु पर्ने ५ प्रतिशत कमिशन रकम समेत यस रकममा संलग्न हुनेछ। यसरी भुक्तानी गर्नुपर्ने रकम कम्पनीले सम्झौतामा हस्ताक्षर भएको मितीले सात दिन भित्र अग्रिम रुपमा फिर्ता नहुने गरी उपलब्ध गराउने छ।
३) यदि शेयर बिक्री नभई द्वितिय पक्षले प्रत्याभुति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ। साथै कम्पनीले शेयर बापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभुतिकर्ता लाई हस्तान्तरण गर्ने छ।
४) यस विवरण पत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्णरुपमा वा आंशिक रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी खरिद गर्ने सहमती जनाएको छ।

५) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुको पुर्णरुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वत: खारेज हुनेछ ।

६) दुबै पक्षका सहमतिमा भएका यस सम्झौतामा प्रत्याभुतिकर्ताको दायित्व आफुले कबोल गरेको हदसम्म मात्र सिमित हुनेछ । कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेकोमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम अनुसार कारबाही गर्न सक्नेछ ।

७) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन २०५५ बमोजिम कारबाही गर्न सक्नेछ ।

८) प्रत्याभुत गरेको शेयर कित्ता सर्वसाधारणबाट खरिद नभई बाँकी रहेमा बाँकी रहेको शेयर कित्ता प्रत्याभुत कर्ताले खरिद गर्ने छ ।

**छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,**

(१) कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड, बागमती अंचल, काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ३४, बानेश्वर, काठमाडौं, सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(२) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

(३) प्रत्येक आवेदकले कम्तीमा ५० कित्ता तथा अधिकतम ८,००,००० कित्तासम्म शेयर खरिद गर्नका लागी दरखास्त दिन सक्नेछन् । ५० कित्ता भन्दा बढी शेयरका लागि दरखाास्त दिँदा १० अंकले गुणाङ्क संख्यामा दिनुपर्नेछ ।

**(ग) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः**

सर्वसाधारण नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फारम बुझाउनु पर्नेछ।

२. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आवेदन दिन सकिनेछ ।

३. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।

(क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),

(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,

(ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,

(घ) आवेदकको स्थायी ठेगाना,

(ङ) आवेदकको सर्म्पक ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,

(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,

(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,

(ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,

(झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)

४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

५. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

६. आवेदकले स्वेच्छिक रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउन सक्नेछन् ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ।

६. धितोपत्र बांडफांट गर्नु पूर्वअख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।

७. शेयरको बांडफांट गरी सुचीकरण भए पश्चात बांडफांटमा परेका आवेदकहरुलाई बांडफांटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेकोपाईएमा सो फारामलाई शेयर बांडफांटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

९. आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. १, ३ र ४ (साविक इलाम जिल्ला साखेजुङ्ग, पुवामजुवा र माइपोखरी गाविस) का बासिन्दाहरुलाई जारी गरेको शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले यस विवरणपत्र मार्फत सर्वसाधारणलाई जारी गरिने साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन पाउने छैनन् ।

१०. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपेपत्रको सार्वजजनिक निष्काशनको केन्द्रकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आश्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् । C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसंग रुजु गरेर मात्र बुझि लिनुपर्नेछ र यसरी बुझीलिएको फारम यस निष्काशनका लागि नेपाल धितोपत्र बोर्डको समन्वयमा CDS and Clearing Limited बाट यस निष्काशनका लागि C-ASBA अर्न्तगत विकास गरिएको विशेष आवेदन संकलन प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ।

११. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले C-ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपेपत्रको सार्वर्जजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।

## ११) सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण

**निष्कासनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासंगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्वन्धी विवरण :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी:** नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य:** सो नभएको ।

(घ) **कम्पनीको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था:** सो नभएको ।

(ङ) **कम्पनी वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा कम्पनीको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:** सो नभएको ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋणसम्बन्धी विस्तृत विवरण जस्तै ऋणबापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण:** सो नभएको ।

## १२) विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्वन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु :** विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन नभएको ।

## १३) सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नुपर्ने:

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथैकारोवार भएको शेयर संख्या:** सो नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिममूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## १४) पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

**वतासलत**

| विवरण | प्रक्षपित आ.व | | | वास्तविक (लेखापरिक्षण भएको) | |
|---|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७४।७५ | फरक प्रतिशत |
| **स्थीर सम्पत्ति** | | | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ५४८,०५४ | ५४२,५७३ | ५३७,१४७ | ५५१,६९८ | ०.६६% |
| **कुल स्थीर सम्पत्ति** | **५४८,०५४** | **५४२,५७३** | **५३७,१४७** | **५५१,६९८** | ०.६६% |
| **चालू सम्पत्ति** | | | | | |
| नगद तथा बैंक मौज्दात | १,४८५ | ३३,२४० | ४८,७२५ | १,९६५ | ३२.३२% |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य आसामी हिसाव | ७,५०० | ८,००० | ८,५०० | १,२१३ | -८३.८३% |
| पाउनुपर्ने रकम | ९,६८३ | ९,९२५ | १०,१७३ | २१,६७५ | १२३.८५% |
| **जम्मा सम्पत्ति** | **५६६,७२२** | **५९३,७३८** | **६०४,५४६** | **५७६,५५१** | १.७३% |
| **पूँजी तथा दायित्व** | | | | | |
| **शेयर पूँजी** | ३७१,४०० | ३७१,४०० | ३७१,४०० | १८९,४२८ | -४९.००% |
| शेयर आवेदन रकम | - | - | - | १२,९३९ | |
| जगेडा कोष तथा सञ्चिती | ७८० | ३०,३६९ | ६३,३५८ | -११,९८८ | -१६३६.९२% |
| **जम्मा** | **३७२,१८०** | **४०१,७६९** | **४३४,७५८** | **१९०,३७९** | -४८.८५% |
| चालु दायित्व तथा व्यवस्था | ६०,५३६ | ८५,४६४ | ९०,७८२ | ६६,१५० | ९.२७% |
| अन्य दायित्व | १३४,००६ | १०६,५०६ | ७९,००६ | ३२०,०२१ | १३८.८१% |
| **जम्मा पूँजी तथा दायित्व** | **५६६,७२२** | **५९३,७३८** | **६०४,५४६** | **५७६,५५१** | १.७३% |

**नफा नोक्सान**

| **विवरण** | आ.व | आ.व | आ.व | **वास्तविक** | |
|---|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७४।७५ | फरक प्रतिशत |
| विद्युत विक्रीबाट भएको आम्दानी | ५८,०९९ | ५९,५५१ | ६१,०४० | ६७,३०० | १५.८४% |
| अन्य आम्दानी | - | - | - | १७४.७५ | |
| **जम्मा आम्दानी** | **५८,०९९** | **५९,५५१** | **६१,०४०** | **६७,४७५** | १६.१४% |
| परियोजना खर्च | ८,५६४ | ८,५६४ | ८,९९२ | ११,५२६ | ३४.५९% |
| रोयल्टी खर्च | १,४६२ | १,४९१ | १,५२१ | १,६४६ | १२.५९% |
| प्रशासनिकखर्च | ३,००१ | ३,००१ | ३,०९१ | २,१९६ | -२६.८२% |
| ह्रास कट्टि | ५,५३६ | ५,४८१ | ५,४२६ | ६,०२८ | ८.८९% |
| वित्तीय खर्च | २१,३९८ | १०,८२३ | ८,३४८ | ४१,०७२ | ९१.९४% |
| कर्मचारी बोनस | ३६३ | ६०४ | ६७३ | ० | -१००.००% |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **१७,७७५** | **२९,५८८** | **३२,९८९** | **५,००७** | -७१.८३% |
| आय कर | - | - | - | - | |
| **आयकर पछिको नाफा** | **१७,७७५** | **२९,५८८** | **३२,९८९** | **५,००७** | -७१.८३% |

स्थानीय वासीलाई शेयर जारी गर्दाको अवस्थामा तयार गरिएको विवरणपत्रमा प्रक्षेपण गरिएको आ.व. ७४।०७५ र लेखापरिक्षण भए पश्चात भएको वास्तविक वित्तीय विवरणमा माथि उल्लेखित विषयमा भएको फरक पर्नाका कारणहरु देहाय बमोजिम रहेका छन् ।

१) संशोधित दरमा नेपाल विद्युत प्राधिकरणबाट प्राप्ति हुनुपर्ने रकम आ.व. २०७४/०७५ मा एकमुष्ठ रुपमा प्राप्त हुने भएकोले आम्दानी जनाउँदा विद्युत विक्रीबाट भएको आम्दानीमा फरक पर्न गएको ।

२) विद्युत कम आपूर्ती भएकोले विद्युत प्राधिकरण सँग भएको विद्युत खरिद विक्री सम्झौता अनुसार तिर्नुपर्ने शुल्कका कारण परियोजना खर्च वृद्धि हुन गएको ।

३) परामर्श शुल्क यस आ.व. २०७४/०७५ मा नभएकोले उक्त शुल्क घट्न गएको ।

४) प्रक्षेपण गरिएको समयमा सर्वसाधारणमा शेयर जारी हुन नसक्दा बैंक वित्तीय संस्थालाई ऋण भुक्तानी समयमा नभएकोले वित्तीय खर्च बढ्न भएको ।

५) कम्पनी संचित घाटामा रहेकोले यस आ.व. ०७४/०७५ मा कर्मचारी वोनश व्यवस्था नभएकोले फरक पर्न गएको ।

**१५) परामर्शदाता / बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

(१) **लेखापरीक्षक :** कम्पनीको आ.व.०७२/०७३ र आ.व. ०७३/०७४ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण जि. पौडेल एण्ड एसोसियट्सका चार्टड एकाउण्टेन्ट श्री घनश्याम पौडेल ले गर्नुभएको छ तथा आ.व. ०७४/०७५ को ज्ञानेन्द्र एण्ड एसोसियट्सका चार्टड एकाउण्टेन्ट श्री ज्ञानेन्द्र सुबेदी ले गर्नुभएको छ ।

(२) **प्रमुख बैंक :** यस निष्कासनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

(३) **निष्काशन बैंक <u>(Bankers to the Issue):</u>**

यस विवरण–पत्र मार्फत निष्काशित साधारण शेयरहरुका लागि निष्काशन बैंक **(Banker to the Issue)**को रुपमा सिद्धार्थ बैंक लिमिटेडलाई तोकिएको छ । साथै आवश्यकता अनुसार तीन दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत निष्कासन बैंकको रुपमा नियुक्त गरिनेछ ।

(४) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
यस विवरण–पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा जोशी हाइड्रो पावर कम्पनी लिमिटेड आफै रहेको छ।

(५) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:**
यस विवरण–पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने श्री जि. पौडेल एण्ड एशोशियट्का चार्टड एकाउण्टेण्ट श्री घनश्याम पौडेल रहनु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :** सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन् ।

१) **लेखापरीक्षक**
लेखापरिक्षकलाई लेखापरिक्षण वापत रु. १,५०,०००।०० शुल्क बुझाइने छ अन्य कुनै शर्तहरु नरहेको ।

२) **निष्काशन बैंक**
यस निष्काशनको लागि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा निष्काशन बैंक (Banker to the Issue) को व्यवस्था लागु नहुने ।

३) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ**
वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु.५०,०००।०० बुझाइने छ।

**१६) परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो परियोजना निर्माण गर्न संस्थापक शेयरधनीहरुको स्वलगानी तथा जनता बैंक लिमिटेडको सहवित्तियकरणमा सिद्धार्थ बैंक लिमिटेड र कुमारी बैंक लिमिटेडबाट ऋण व्यवस्थापन गरिएको छ ।

**१७) मुद्दा तथा विवाद सम्बन्धी विवरण :** सो नभएको ।

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**१८) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्रसम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथाबिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्नेछन्:
गुनासो सुन्ने अधिकारीको नामः सुजनवाबु अधिकारी
इमेलः sujan@siddharthacapital.com
फोन नं.०१-४४२०९२४

**१९) नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**२०) ऋणपत्र निष्कासन सम्बन्धी विवरण :**हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र आवश्यकताअनुसार ऋणपत्र जारी गर्न सकिने छ ।

**२१) अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :**सो नभएको।

**२२) अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : यस विवरणपत्र को दफा ३.२५ मा संलग्न गरिएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण : –**

**सञ्चालकमा भएको परिवर्तनः** नभएको ।

**लेखापरीक्षकमा भएको परिवर्तनः-** नभएको

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यताः**
नामः श्री जगदिश धिमिरे
ठेगानाः काठमाडौ ३५
योग्यताः कानुनशास्त्रमा स्नाकोत्तर

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरणः**
वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ३७,१४,००,०००/- मध्ये सर्वसाधारणको लागि छुट्टाइएको ३९ प्रतिशत हुन आउने रकम रु.१४,४८,४६,०००/- बराबरको रु.१००। को दरले १४,४८,४६० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्रबाट बिक्री नभएको रु.२,४२,०१,००० बराबरको रु.१००। का दरले २,४२,०१० कित्ता शेयर गरी जम्मा रु.१६,९०,४७,०००/- बराबरको रु.१००। को दरले १६,९०,४७० कित्ता शेयर निष्काशन प्रयोजनार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत योसँग सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृयाको लागि प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतबाट पारित भयो ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**
यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१ कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३४, नयाँबानेश्वर, काठमाडौं ।

२ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- सिद्धार्थ क्यापिटल लिमिटेड,नारायणचौर, नक्साल,काठमाण्डौ

(छ) **कम्पनीले आफ्नो उद्देश्य अनुसारको कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको/नगरेको-** गरिसकेको।

(ज) **नियमानुसार लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको/नगरेको-** गरेको

(झ) **प्रचलित कानून बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको-** स्विकृत प्राप्त गरिसकेको ।

(ञ) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको/नगरेको-** गरिसकेको ।

(ट) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा खरीद प्रकृया अगाडि बढाइसकेको/नबढाएको-** बढाइसकेको ।

(ठ) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको/नभएको-** भैसकेको।

(ड) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणका लागि टेण्डर आव्हान गरिसकेको/ नगरेको-** गरिसकेको ।

(ढ) **परियोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको/नभएको -** भएको ।

(ण) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको/नभएको-** भैसकेको।

(त) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको/नगराएको-** सर्वसाधारणको निमित्त जारी गरिने शेयर पूर्ण रुपमा विक्री नभएको अवस्थामा विक्री नभएको शेयर विक्रीको लागि सिद्धार्थ क्यापिटल लिमिटेडल र नबिल इनभेष्टमेन्ट बैकिंङ लिमिटेडलाई प्रत्याभुती गराइएको

(थ) **बोनस शेयरसम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्थाअनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

(द) **शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण पत्र मार्फत निष्कासन गर्न लागिएको रु.१६,९०,४७,०००/- रकम बराबरको रु.१००। का दरको १६,९०,४७० कित्ता साधारण शेयरमध्ये ३% अर्थात ६७,६१८ कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ५०,७१४ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको र बांकि १५,५५,२३३ कित्ता शेयरहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिनेछ।

(ध) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**(न) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरको आवेदन फाराम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ ।

**(प) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारण्मा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ५"** प्रमाणपत्र प्राप्त गरेको छ । । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(फ) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरण–पत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक-सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं रहेको छ ।

**(ब) सकारात्मक पक्षहरू :**

आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष  आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको। पुवाखोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।

- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्धढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(भ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुनेगरी व्यवस्था गरिनेछ ।

**(म) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९ (३) बमोजिमका विवरणहरु**

(क) **आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको-**
कम्पनीले आफ्नो कारोवार मिति २०७१ साल माघ १ गते देखि शुरु गरेकोले एक वर्षको अवधि पुरा गरेको ।

(ख) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको- कम्पनीले नियमित रुपमा लेखापरिक्षण वार्षिक साधारण सभा सम्पन्न गरेको -**
पछिल्लो समयमा आ.व. २०७४/०७५ को लेखापरिक्षण सम्पन्न भएको । पछिल्लो वार्षिक साधारण सभा सम्पन भएको मिति २०७३/९/२० ।

(ग) **आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको-** स्विकृती प्राप्त भईसकेको ।

(घ) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको-**
सम्पूर्ण कार्य समाप्त भएर विद्युत उत्पादन समेत शुरु भैसकेको ।

(ङ) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको-** सम्पूर्ण कार्य समाप्त भएर विद्युत उत्पादन समेत शुरु भैसकेको ।

(च) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँगसम्झौता भइसकेको-**
सम्झौता सम्पन्न भैसकेको ।

(छ) **आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको-**
सहमत रहेको ।

(ज) **संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको-** चुक्ता भैसकेको ।

(झ) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (financial closure) भैसकेको-** फाइनान्सियल क्लोजर (financial closure) सम्पन्न भैसकेको ।

(ञ) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको-**
नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरीद सम्झौता भैसकेको ।

(ट) **सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको-**
प्रत्याभुत सम्बन्धि सम्झौता भैसकेको ।

**(य) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि ३० दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

**२३) संचालक तथ विज्ञहरुको नाम तथा दस्तखत**
यस विवरण पत्रमा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम, दस्तखत :

| क. सं. | सञ्चालकहरूको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री विरेन्द्र बहादुर न्यौपाने | कार्यकारी अध्यक्ष | |
| २. | श्री रुपमनी राजभण्डारी | प्रबन्ध संचालक | |
| ३. | सुश्री रन्जना दहाल | सञ्चालक | |

**२४) निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :** निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति निम्नानुसार रहेको छ।

**२५) विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**यसै साथ संलग्न छ ।